# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ ८ गते २०२४ साल

श्री ५ को सरकार

रक्षा–मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको सैनिक अस्पताल (व्यवस्था) नियमहरू, २०२३ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०२३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाइएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "सैनिक अस्पताल (व्यवस्था) नियमहरू, २०२३" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन्।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमाः–

(क) "समिति" भन्नाले नियम ३ बमोजिम गठित समितिलाई सम्झनु पर्छ,

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्दछ,

(ग) "सदस्य" भन्नाले समितिको सदस्यलाई सम्झनु पर्छ र यस शब्दले अध्यक्ष र उपाध्यक्षलाई समेत जनाउँछ,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "सैनिक अस्पताल" भन्नाले त्रि-चन्द्र मिलिटरी अस्पताल सम्झनु पर्छ र यो शब्दले शाही सेना मातहत अरू कुनै अस्पताल डिस्पेन्सरी र उपत्यका बाहिर शाही सेना रहेको ठाउँमा कुनै औषधि उपचारको प्रबन्धलाई समेत जनाउँछ ।

३. समितिको गठन र काम कर्तव्यः– (१) देहायका पदाधिकारीहरू भएको एउटा सैनिक अस्पताल सञ्चालक समिति गठन गरिएको छः–

| | | |
|---|---|---|
| (१) | बलाधिकृत शा. जं. अ. | पदेन अध्यक्ष, |
| (२) | कार्यरथी " | उपाध्यक्ष, |
| (३) | सैनिक स्वास्थ्य सेवा निर्देशक | सदस्य, |
| (४) | श्री ५ को सरकारको एकाउण्टेण्ट जनरल वा निजले खटाएको प्रतिनिधि | सदस्य, |
| (५) | रक्षा–मन्त्रालयको प्रतिनिधि | सदस्य, |
| (६) | सि. ओ. सैनिक अस्पताल | सदस्य, |
| (७) | सम्भाराधिकृत शा. जं. अ. | सदस्य तथा सचिव, |

(२) समितिको काम कर्तव्य देहायबमोजिम हुने छः–

(क) सैनिक अस्पतालमा हुनु पर्ने सबै काम सुचारू रूपले चलाउने आवश्यक व्यवस्था गर्ने,

(ख) सैनिक अस्पताललाई एक आधुनिक र सुसज्जित अस्पतालमा परिणत गर्ने योजना बनाई स्वीकृतिको लागि श्री ५ को सरकारमा पेशगर्ने र श्री ५ को सरकारबाट स्वीकृति भएबमोजिम तत्परता र कार्य कुशलतासाथ योजनालाई कार्यान्वित गर्ने,

(ग) प्रत्येक वर्ष आषाढ मसान्तभन्दा अगावै सैनिक अस्पतालको बार्षिक बजेट तयार पारी आवश्यक निकासा निमित्त श्री ५ को सरकारमा पेश गर्नुपर्ने र स्वीकृत बजेट अनुसार अस्पतालको कोषबाट काममा खर्च गर्ने,

(घ) आवश्यक परेमा समितिले कुनै एउटा रकम अन्तर्गत स्वीकृति भएका शीर्षक तलब बाहेकबाट अर्को शीर्षकमा रकमान्तर गरी खर्च निकासा दिने,

(ङ) समितिले गरेको मुख्य मुख्य कामको मासिक रिपोर्ट प्रधान सेनापति मार्फत श्री ५ को सरकारमा पेश गर्ने ।

४. समितिको बैठक र कार्य–सञ्चालनः– (१) समितिको साधारण बैठक अध्यक्षले आवश्यकतानुसार बोलाउने छ । कुनै सदस्यले कारण देखाई अनुरोध गरेमा पनि अध्यक्षले उचित ठानेमा सो बैठक बोलाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै बैठक बोलाउनुभन्दा कम्तीमा २४ घण्टा अगावै बैठक हुने स्थान समय र कार्य–सूचीको सूचना समितिको सचिवले प्रत्येक सदस्यलाई दिनु पर्छ।

(३) समितिले साधारणतया कार्यसूचीमा भएका विषयहरूलाई लिएर मात्र छलफल गर्ने छ। तर कुनै सदस्यले कार्य–सूचीभन्दा बाहिरको कुरामा छलफल गर्ने प्रस्ताव राखेकोमा अध्यक्षले उचित सम्झेमा कार्य–सूचीमा भएका विषयहरूमा छलफल टुंगी सकेपछि नयाँ विषयमा समितिले छलफल गर्ने अनुमति दिन सक्ने छ।

(४) अध्यक्ष अनुपस्थित भएमा उपाध्यक्ष र निज पनि उपस्थित हुन नसकेमा हाजिर भएका सदस्यहरू मध्ये सबैभन्दा सिनियर सदस्यले समितिको बैठकको सभापतित्व गर्ने छ।

(५) पाँच जना सदस्यहरूको उपस्थितिलाई गणपूरक संख्या मानिने छ। तर सोही विषयमा अर्को पटक बैठक बोलाइएमा गण पूरक संख्या नभए तापनि बैठकको कार्य सञ्चालन गर्न सकिने छ।

समितिको बैठकको निर्णय साधारण बहुमतबाट हुने छ। तर मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिने छ।

५. समितिको निर्णय प्रमाणित गर्नेः– समितिको निर्णय समितिका सचिवले प्रमाणित गर्ने छ र समितिको तर्फबाट गरिने सबै काम कारवाइ र लेखापढी समितिको सचिवको दस्तखतबाट हुने छ।

६. सैनिक अस्पतालको कोषः– श्री ५ को सरकारबाट स्वीकृत बजेट अनुसार अन्य कुनै श्रोतबाट प्राप्त रकमको हकमा सैनिक अस्पतालको नाउँमा राष्ट्रबैङ्कमा खाता खोलिने छ र उक्त रकमबाट खर्चको निकासा यी नियमहरू बमोजिम समितिले दिने छ।

७. औषधि र सर–सामानको बन्दोवस्तः– सैनिक अस्पताललाई चाहिने वर्षभरीको लागि औषधि र अन्य आवश्यक सर–सामान झिकाउँदा देहायबमोजिम गर्नु पर्छः–

(१) वर्षभरीमा सैनिक अस्पताललाई चाहिने औषधि र अन्य आवश्यक सर-सामानका लगत इष्टिमेट सि. ओ. सैनिक अस्पतालले तयार पारी सैनिक स्वास्थ्य सेवा निर्देशक छेउ पेश गर्ने र निजले समितिको बैठकमा पेश गर्नुपर्छ।

(२) उप–नियम (१) बमोजिम पेश भएको लगत इष्टिमेटमा समितिले मुनासिव लागेजति निकासा दिन सक्ने छ।

(३) समितिले स्वीकृति दिएको लगतबमोजिम औषधि र अन्य आवश्यक सर-सामानहरू उपलब्ध गराउने सैनिक स्वास्थ्य सेवा निर्देशक र रजिष्ट्रारको संयुक्त जिम्मेदारी हुनेछ।

(४) असाधारण अवस्थामा औषधि र अन्य आवश्यक सरसामान तुरुन्त झिकाउन परेमा समितिले सैनिक स्वास्थ्य सेवा निर्देशक र रजिष्ट्रारलाई घटाघट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा विज्ञापन नगरिकन पनि झिकाउने वा खरीद गर्ने कुराको अख्तियार दिन सक्नेछ ।

८. औषधि आदिको खर्चः– सैनिक अस्पतालमा भएको औषधि खर्च र सर-सामानहरूको प्रयोग देहाय बमोजिम हुनेछः–

(१) वाहिनी वा युनिटहरूको लागि कुन कुन औषधि सरसामानहरू के कति चाहिने हो उप-स्वास्थ्य सेवाधिकृत र सहायक आरोग्याधिकृतले निर्धारित गरी तोकिएको तरीकाले सैनिक स्वास्थ्य सेवा निर्देशकमा माग पेश गर्नुपर्छ । सैनिक स्वास्थ्य सेवा निर्देशकले सो माग उपर विचार गरी वाहिनी तथा युनिटहरूको लागि ६ महीनाको अवधि भरको लागि औषधि आदि वितरण गर्ने ओ. सी. मेडिकल ष्टोरलाई आदेश दिने छ ।

तर सैनिक अस्पतालको विभिन्न विभाग र एम. आई रूमहरूको हकमा एक एक महीनाको अवधि भरको लागि सैनिक स्वास्थ्य सेवा निर्देशकले आदेश दिने छ ।

(२) उप-नियम (१) बमोजिम वितरण हुने औषधि र सर-सामानहरू खर्च हुनेजति हस्तेवारी र खर्च नहुनेजति जिम्मेवारीमा दिइने छ ।

(३) वाहिनी युनिट र सि. ओ. सैनिक अस्पतालले औषधि र सर-सामानको आम्दानी खर्चको विवरण प्रत्येक महीनाको पहिला हप्ताभित्र सैनिक स्वास्थ सेवा निर्देशककहाँ पठाउनुपर्ने छ ।

९. स्रेस्ता जाँच र मिनाहा मौजराः– (१) सैनिक अस्पतालमा भएको औषधि र सर-सामानको आम्दानी र दैनिक खर्च स्रेस्तामा चढाउनुपर्दछ र महीना पुगेपछि सो आम्दानी खर्चको जम्मा जम्मीको तेरिज बनाई स्रेस्ता दुरुस्त राख्नुपर्दछ ।

(२) उप-नियम (१) बमोजिमको महीना महीनाको हिसाब साल तमाम भएको एक महीनाभित्र सि. ओ. सैनिक अस्पतालले समिति समक्ष पेश गर्नुपर्छ ।

(३) सैनिक अस्पतालको महीना महीनाको र साल भरको आम्दानी खर्चको स्रेस्ता जांच्न अध्यक्षले एकाउण्टेण्ट जनरलको प्रतिनिधि वा अरू कुनै व्यक्तिलाई खटाउने छ र आवश्यक सम्झेमा अध्यक्षले यस्तो स्रेस्ता जहिलेसुकै पनि जांच गराउन सक्तछ ।

(४) उप-नियम (३) बमोजिम स्रेस्ता जांच गर्न खटिएका व्यक्तिहरूले भिडाउनु पर्ने स्रेस्ता मिसिल कागजातसमेत भिडाई आफूले जांचेको निस्सासमेत गरिदिनु पर्छ ।

(५) साल तमाम भएपछि साल भरको आम्दानी खर्चको स्रेस्ता जांची दुरुस्त भए-पछि साल तमामी वासिल बाकी समितिमा पेश गरिनेछ र समितिले आवश्यक ठहराए-बमोजिमका मिन्हा मोजरा वा फर फारकसमेत गरिदिन सक्ने छ ।

(६) यी नियमहरूमा लेखिएका कुनै कुराले पनि प्रचलित नेपाल कानूनबमोजिम महालेखा परीक्षकलाई प्राप्त अधिकारको प्रयोग गर्नामा बाधा पुऱ्याउने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. लिलाम विक्री:– (१) सैनिक अस्पतालमा रहेको औषधि र सरसामानहरू अस्पतालको निमित्त काम नलाग्ने भएमा त्यस्ता औषधि र सरसामान सडाउन गलाउन वा मर्मत गर्न वा लिलाम विक्री गर्नुको लागि अर्डन्यान्सको प्रतिनिधि १ सैनिक अस्पतालका डाक्टर १ र समितिको एकजना सदस्यसमेत जम्मा ३ जवानको उप-समिति गठन गरिएको छ ।

(२) उप-समितिको निर्णय सैनिक अस्पतालका सि. ओ. ले समितिमा पेश गरी निर्णयबमोजिम लगत कट्टा गर्न सि. ओ. ले सरोकारवाला सबैलाई जनाउ दिने छ ।

(३) उप-समितिको बैठक सैनिक अस्पतालका सि. ओ. ले बोलाउने छ ।

(४) उप-समितिले लिलाम गर्ने भनी ठहराएमा मालसामानहरू रीतपूर्वक लिलाम विक्री गरी भएको आम्दानी श्री ५ को सरकारको सर्वसञ्चित कोषमा दाखिल गरिने छ ।

११. निःशुल्क उपचारको सुबिधा:– आफ्नो कर्त्तव्य पालन गर्दा दुर्घटनामा पर्न गएमा शाही सेना मातहतका निजामती कर्मचारीलाई प्रधान सेनापति वा प्रिन्सिपल ष्टाफ अफिसरको सिफारिश भए सैनिक अस्पतालमा निःशुल्क उपचार गरिने छ ।

१२. खारेजी:– सैनिक अपस्ताल (सुव्यवस्था) नियमहरू, २०१८ खारेज गरिएको छ ।

आज्ञाले-
सरदार विष्णुमणि आचार्य
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग

८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।